# कोरोना सर्ने भन्दै व्यवसायिको तरकारी नष्ट गरिएको घटनाको सम्बन्धमा तयार पारिएको
# अध्ययन प्रतिवेदन



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
प्रदेश ५, कार्यालय, नेपालगञ्ज, बाँके

**अनुगमन मितिः** २०७७ जेठ २० गते
**घटना मितिः** २०७७ जेठ १८ गते
**स्थानः** सन्धिखर्क नगरपालिका-१, अर्घाखाँची
**अध्ययन गरिएको विषय/घटना :** राज्यको संलग्नतामा व्यवसायीको तरकारी नष्ट
**अध्ययन/अनुगमनमा संलग्न व्यक्तिहरूः** इन्सेक जिल्ला प्रतिनिधि नारायण भुसाल, अर्घाखाँची र पार्वती आचार्य, कपिलवुस्त
**अध्ययन विधिः** व्यक्तिगत छलफल तथा अन्तरवार्ता

**पृष्ठभूमिः**

सन्धिखर्क नपा-१ हल लाइन पुष्पा तरकारी तथा फलफूल स्टोरका थोक तरकारी व्यवसायी किशोर बानियाँले २०७७ जेठ १६ गते कपिलवस्तुबाट ल्याएको तरकारीमा कोरोना सङ्क्रमण हुन सक्ने भएकाले उपभोग गर्न नमिल्ने भन्दै प्रहरीको निगरानीमै जेठ १८ गते तरकारी नष्ट गरिएको थियो । तरकारी नष्ट गरेको विषयमा चौतर्फी विरोध र प्रहरी प्रशासनको आलोचना समेत भएको थियो ।

**घटनाक्रम**

- सन्धिखर्क नपा-१ हल लाइन पुष्पा तरकारी तथा फलफूल स्टोरका थोक तरकारी व्यवसायी किशोर बानियाँ २०७७ जेठ १६ गते सन्धिखर्कबाट तरकारी, आलु, प्याज लिन भनी कपिलवस्तु जिल्लाको बुद्धभूमि नपा-१० रामघाट कृषि उपज व्यवस्थापन तथा सङ्कलन केन्द्रका अध्यक्ष बालदिन केवटसँग सम्पर्क गरी जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएर तरकारी लिन कपिलवस्तुको रामघाट जानुभयो ।
- त्यहाँबाट ४ क्वीन्टल ६५ किलो गोलभेडा, १ कवीन्टल ६२ किलो घिरौँला, एक क्वीन्टल ८० किलो बोडी, १ क्वीन्टल ५० किलो खुर्सानी, १ क्वीन्टल ८० किलो करेला, १ क्वीन्टल ८५ किलो लौका र १ क्वीन्टल खरभुजा गरी ७९ हजार ५ सय ३५ रुपियाँको तरकारी उधारोमा किनेर गोरुसिंगे, पथ्थरकोट ठाडा नरपानी हुँदै जेठ १७ गते बिहान करिब ५ बजेतिर उहाँ सन्धिखर्क आइपुग्नु भयो ।
- सन्धिखर्क आएपछि सधैंजसो तरकारी आफ्नो स्टोरमा राखेर जेठ १७ गते बिहान ७ बजे तरकारी व्यवसायी समितिका रामहरी घिमिरे, जीवन खनाल र केवी गुप्ताको पसलमा पुग्नु भयो । त्यसको करिब १ घण्टापछि प्रहरी इन्स्पेक्टर प्रकाश क्षेत्री सहितको प्रहरी टोली पसलमा पुगेर तरकारी बेच्न मिल्दैन भन्दै सटरमा ताल्चा लगाएर प्रहरी कार्यालयमा फर्कियो । प्रहरी टोलीले यस विषयमा छलफल गर्नुपर्ने भन्दै व्यवसायी किशोर बानियाँ र उहाँका छोरा सन्तोष बानियाँलाई प्रहरी कार्यालयमा लग्यो ।
- प्रहरी कार्यालयमा लिएर गएको ३ घण्टासम्म कुनै छलफल भएन । दिउँसो ११ बजेपछि खाना खान जान्छौ भनेर आग्रह गर्दा प्रहरीले खाना खान जान दिएनन् । तपाईंहरू खाना खान जान पाउनु हुँदैन भनेर प्रहरीले बाबुछोरालाई प्रहरी कार्यालयमै राख्यो । ३० मिनेट भित्र आउँछौ भनी अनुरोध गर्दा समेत खान खान जान दिएनन् । निकै अनुरोध गरेपछि प्रहरीले छोरा सन्तोषलाई खाना लिन जान दियो । उहाँले बुबाका लागि घरबाटै खाना लिएर प्रहरी कार्यालयमा जानु भयो । दिउँसो ३ बजेसम्म कुनै छलफल भएन । करिब ४ बजेतिर जिल्ला प्रहरी कार्यालयमा 'मैले तरकारी लिएर आएँ । गल्ती स्वीकार गर्छु । अब यस्तो गर्ने छैन' भनी छोरा सन्तोष बानियाँको जमानीमा प्रहरीले व्यवसायी किशोरलाई रिहा गऱ्यो ।
- व्यवसायी किशोर बानियाँलाई जेठ १८ गते बिहान ७: ३० बजे इन्स्पेक्टर प्रकाश क्षेत्रीले फोन गर्नु भयो । त्यही बेला बानियाँले पसलको चावी दिनु पऱ्यो भनी माग गर्नु भयो । चावी दिन मिल्दैन । तपाईलाई चावी दिँदैनौ तपाईले लिएर आएको तरकारी फिर्ता लिएर जानुपर्ने भयो भनी इन्स्पेक्टर क्षेत्रीले जबाफ दिनुभयो । किशोर बानियाँले किसानसँगबाट तरकारी ल्याएको पनि ४८ घण्टा भइसक्यो किसानले तरकारी फिर्ता गर्दैनन् भनी जानकारी गराउनु भयो । इन्स्पेक्टर प्रकाश क्षेत्रीले फिर्ता हुँदैन भने त्यसको विकल्प नष्ट गर्ने हो भन्नु भयो । व्यवसायीले तरकारी नष्ट नगरौं क्वारेण्टाइनमा तरकारीको अभाव छ तरकारीको कुनै शुल्क नलिइकन कवारेण्टाइनमा वितरण गरिदिन्छु भनी अनुरोध गर्नुभयो । तर प्रहरी प्रशासनले त्यो कुरा स्वीकार गरेन । व्यवसायीले अर्को विकल्पका रूपमा सन्धिखर्कमा रहेका अति विपन्न र असहाय नागरिकलाई वितरण गरौं भन्नु भयो । 'कारोना सङ्क्रमित' तरकारी कसैले खाँदैन र दिनु पनि हुँदैन भन्ने प्रहरीको जबाफ आयो ।

- करिब २४ घण्टा पसल नियन्त्रणमा लिएपछि १८ गते बिहान ९ बजे मोवाइल टोलीका असईको नेतृत्वमा प्रहरी टोली पसलमा पुगी ताल्चा खोल्यो । जुन गाडीमा तरकारी ल्याइएको थियो सोही गाडीमा तरकारी प्रहरीले आफैँ राख्यो । व्यवसायीलाई पनि सँगै जान प्रहरीले बारम्वार आग्रह गऱ्यो । व्यवसायीले तरकारी फिर्ता गर्ने वा नष्ट गर्ने भन्ने विषयमा मेरो कुनै सहमति छैन भन्नु भयो । व्यवसायीको सहमति नहुँदा नहुँदै पनि प्रहरीले व्यवसायीकै गाडिमा तरकारी राखेर पसलदेखि करिब २ सय मिटर पूर्व शान्ति बगैँचा लगे । किशोर बानियाँ पनि मोटरसाइकलमा जानु भयो । सुरक्षाकर्मी, पत्रकारसहित सन्धिखर्क नगरपालिका डम्पिङ्ग साइडमा पुगेपछि प्रहरीले ड्राइभरलाई गाडी रोक्न भने । त्यतिबेलासम्म किशोरलाई तरकारी नष्ट गर्ने वा फिर्ता गर्ने विषयमा स्पस्ट जानकारी नै थिएन । गाडी रोकिएपछि प्रहरीकै संलग्नतामा तरकारी नष्ट गरियो ।
- तरकारी व्यवसायी रामहरी घिमिरे, जीवन खनाल, केवी गुप्ता समेतको सूचनाका आधारमा तरकारी डिस्पोज गरिएको पीडितको अरोप छ । कुनै आधार प्रमाण बिना तरकारीमा कोरोना छ भनी प्रहरी प्रशासन, प्रतिस्पर्धी तरकारी व्यवसायीहरूले पुष्टि गर्न खोजेकोमा व्यवसायी र किसान दुखित छन् । तरकारी डिस्पोज गरिएपछि त्यस विषयमा चौतर्फी विरोध भएपछि घटनाका विषयमा इन्सेकका जिल्ला प्रतिनिधि नारायण भुसालले प्रमुख जिल्ला अधिकारीसँग कुराकानी गर्दा प्रमुख जिल्ला अधिकारी विजयराज पौडेलले तरकारी जहाँबाट ल्याएको हो सोही ठाउँमा फिर्ता गर्नु भन्ने आदेश दिएको बताउनु भयो ।

**पीडित, प्रत्यक्षदर्शी र सरोकारवालाको भनाइ**

**पत्रकार अशोक खनाल (प्रत्यक्षदर्शी )**

प्रहरीले तरकारी डिस्पोज गर्न भनी गएको भन्ने जानकारी आएपछि घटनास्थलमा पुग्दा प्रहरी सहित अन्य व्याक्तिहरूले तरकारी नष्ट गरिरहेका थिए । मलाई उक्त कार्य मन परेन । तरकारी नष्ट गर्ने कार्य राम्रो नभएको मेरो भनाइ छ ।

**किशोर बानियाँ, तरकारी व्यवसायी (पीडित)**

जेठको १६ गते तरकारी आलु प्याज लिन भनी म कपिलवस्तुको बुद्धभूमि नगरपालिकाको रामघाट कृषि सङ्कलन केन्द्रमा गएको थिएँ । तरकारी लिएर आएको भोलिपल्ट बिहान प्रहरीले पसल नियन्त्रणमा लियो । तरकारीमा 'कोराना छ' भनी प्रहरी, प्रशासन र प्रतिस्पर्धी तरकारी व्यासायीले जबरजस्ती पुष्टी गर्न खोजे । मैले तरकारी लिएको ४८ घण्टा भइसक्यो तरकारी नष्ट नगरौँ, बरु तरकारी क्वारेण्टाइनमा वितरण गरौँ, कुनै शुल्क लिन्न भनेँ । तर, प्रहरीले मानेन । त्यसोभए सन्धिखर्कका विपन्न तथा असाय व्यक्तिलाई वितरण गरौँ भन्दापनि नमानेपछि प्रहरी प्रशासनले मलाई फिर्ता गर्ने कुरा गऱ्यो । किसानले तरकारी फिर्ता नलिने भएपछि मैले तरकारी फिर्ता हुँदैन भनी जानकारी गराएँ । त्यसोभए त्ससको विकल्पमा नष्ट गर्ने हो भनी प्रहरीले भन्यो । मैले नष्ट गर्ने कुरामा सहमति दिइनँ । जेठ १८ गते दिउँसो सहमति नहुँदा नहुँदै प्रहरीले आफैँ मेरो गाडीमा तरकारी राखेर डम्पिङ साइडमा लगेर नष्ट गरायो । मैले यस बापत उचित क्षतिपूर्ति पाउनु पर्छ भन्ने माग गरेको छु । तरकारीमा कोरोना छ भनी जबरजस्ती तरकारी नष्ट गर्नेलाई कारवाही हुनुपर्छ । आगामी दिनमा यस्तो नियति कसैले व्यहोर्नु नपरोस् । त्यसका लागि संलग्नलाई यथोचित कारवाही हुनुपर्छ र मलाई क्षतिपूर्ति चाहिन्छ ।



**विजयराज पौडेल, प्रमुख जिल्ला अधिकारी**

जेठको ५ गते सर्वपक्षीय बैठक बसेर जिल्लामा बाहिरी जिल्लाबाट तरकारी आयत नगर्ने भन्ने सहमति भएको थियो । कपिलवस्तुबाट तरकारी ल्याएको भन्ने सूचनाको आधारमा सन्धिखर्क नपा-१ को हललाइनमा किशोर बानियाँले स्टोर गर्ने स्टोरमै नियन्त्रणमा राखिएको थियो । सर्वपक्षीय निर्णयलाई कार्यान्वयन गराउने सन्दर्भमा तरकारी व्यवसायी किशोर बानियाँलाई तरकारी जहाँबाट ल्याएको हो त्यही ठाउँमा फिर्ता गर्नु भन्ने आदेश दिएको थिएँ । फिर्ता गर्नुभन्दा

नष्ट गर्नु नै उपयुक्त हुन्छ भन्दै व्यापारीले आफैँ नष्ट गरेका हुन् । प्रहरी कसरी गए त्यस बारेमा मलाई जानकारी भएन त्यसैले मैले प्रहरीलाई स्पष्टीकरण समेत सोधेको छु । सो बारेमा प्रहरीले जबाफ समेत दिइसकेको छ ।

**प्रकाश विष्ट, डिएसपी, जिल्ला प्रहरी कार्यालय (अर्घाखाँची )**

जिल्लामा भएको सर्वपक्षीय बैठकले गरेको निर्णय कार्यान्वयन गराउने क्रममा प्रमुख जिल्ला अधिकारीकै निर्देशन बमोजिम तरकारी कपिलवस्तु फिर्ता लैजाने भन्ने आदेश थियो । व्यवसायीले तरकारी कपिलवस्तु लैजानु भन्दा नष्ट गर्छु भनेपछि नष्ट गर्ने ठाउँ डम्पिङ्ग साइड नै भएकोले नष्ट गर्ने क्रममा प्रमुख जिल्ला अधिकारीले नै **'तरकारी लुकाउन सक्छ, अन्यत्र लैजान सक्छ निगरानी गर्नु'** भन्ने आदेश दिएपछि सन्धिखर्क बजारमा असईको कमाण्डमा रहेको मोवाइल टोली निगरानीको लागि त्यहाँ गएको थियो ।

**हिमबहादुर जिसी लेकाली, अध्यक्ष, नेपाल पत्रकार महासङ्घ**

जिल्ला प्रशासन वा प्रहरीकै संलग्नतामा तरकारी नष्ट गराउने कार्य गलत भयो । कपिलवस्तु र अर्घाखाँची जोडिएका जिल्ला हुन् । तरकारी किसानकैमा फिर्ता गर भन्नु वा नष्ट गर्नु सम्बन्धित निकायको निर्णय अव्यवहारिक छ । राज्यका निकायले पीडितलाई उचित क्षतिपुर्ति दिनुपर्छ । यस विषयमा प्रमुख जिल्ला अधिकारीसँग कुराकानी समेत भएको थियो ।

**रामहरी घिमिरे, अध्यक्ष, तरकारी व्यवसायी समिति**

कुनै पनि व्यवसायीको तरकारी नष्ट गर्ने कुरामा तरकारी व्यवसायी समिति र व्यक्तिगत रूपमा मेरो कुनै सहमति छैन । म घरमा थिएँ । प्रहरीले बोलाएपछि आएँ । मैले तरकारी नष्ट गर्न जान्नँ भनेँ । प्रहरीले निकै जोडबल गरेपछि गएँ । अरु जेजे भए पनि जिल्लामा भएको सर्वपक्षीय निर्णयलाई कार्यान्वयन गर्नुपर्छ भन्ने पक्षमा म दृढ छु ।

**विष्णु पन्थी, सांसद, प्रदेश सभा**

कपिलवस्तुका किसानले उत्पादन गरेको हरियो तरकारी यसरी नष्ट गर्नु गैर जिम्मेवारपूर्ण कार्य हो । किसान र व्यवसायीलाई प्रोत्साहन गर्नुपर्नेमा उत्पादन यसरी नष्ट गर्नु गलत गलत, अशोभनीय र तर्कसङ्गत छैन ।

**धरमबहादुर लाल श्रीवास्तव, सांसद, प्रदेश सभा**

कपिलवस्तुले अर्घाखाँचीका लागि राशन निर्यात रोकेर तत्काल नाकाबन्दी लगाउन स्थानीय प्रशासनसँग माग गरेको छु । यो अर्घाखाँचीको लाजमर्दो कार्य हो । त्यहाँका जनप्रतिनिधिलाई कपिलवस्तुको बाटोमा हिँड्नसमेत प्रतिबन्ध लगाउने स्थिति आयो ।

**केशवकुमार श्रेष्ठ, प्रमुख, बुद्धभूमि नगरपालिकाका**

किसानले उत्पादन गरेको तरकारी अर्घाखाँचीको डम्पिङ साइटमा फालिएको विषयले निकै दुःखी छु । तरकारीमा कोरोना देख्नेले चामल र अन्य खाद्यान्नमा किन देख्दैन ? किसानहरूले दुःख गरेर उत्पादन गरेको तरकारी नष्ट गर्ने प्रशासनको कस्तो नियत हो ? दोषी उपर कडाभन्दा कडा कारवाही हुनु पर्छ ।

**वालदिन केवट, अध्यक्ष, रामघाट कृषि उपज व्यवस्थापन तथा सङ्कलन केन्द्र**

यहाँको तरकारीले यस क्षेत्रका नौ जना तरकारी व्यवसायीले जीवीकोपार्जन गर्दै आइरहेका छन् । व्यवसायीले नियमित तरकारी लैजाने हुँदा यो पटक पनि किशोर बानियाँले उधारोमा तरकारी लैजानु भएको थियो । यहाँका किसानलाई उहाँले कसरी पैसा तिर्नु हुन्छ ? नतिरी पनि भएन । तिर्न विक्री गर्न पाउनु भएन । यहाँका किसानको एउटै भनाइ छ- 'हामीविरूद्ध के को रिस थियो होला अर्घाखाँचीको प्रहरी प्रशासनको ?'

**सुझावः**

- तरकारीमा कारोना भएको कुनै पुष्टि वा प्रमाण थिएन । व्यक्तिको व्यवसाय गर्न पाउने हकलाई राज्यले सुरक्षित गर्नुपर्ने ।
- प्रहरी प्रशासनले तरकारी नष्ट गर्नुको सट्टा त्यसको विकल्प खोज्नुपर्ने ।
- कोराना सङ्क्रमण भएको हो वा होइन भन्ने विषयमा परीक्षण गर्ने कार्य गरेर मात्रै नष्ट गर्नुपर्ने ।

- किसान र व्यवसायीलाई उत्साहित बनाउनका लागि पीडितलाई क्षतिपुर्ति र न्यायका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने ।
- पोसाक सहितका प्रहरीकै संलग्नतामा तरकारी नष्ट गर्ने कार्यले नागरिकको पेसा व्यवसाय गर्न पाउने संवैधानिक अधिकारबाट वञ्चित भएको हुँदा नागरिकको अधिकार राज्यले सुनिश्चित गर्नुपर्ने ।
- किसानहरूको तरकारी नष्ट गर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई कानुनी कारवाही गर्नुपर्ने ।
- मेहनत गरेर उत्पादन गरेको तरकारी बिना कारण नष्ट पारिएकाले किसानहरूलाई क्षतिपुर्ति उपलब्ध गराउनु पर्ने ।

**निष्कर्ष**

राज्यकै संलग्नतामा किसान तथा तरकारी व्यवसायीलाई निरुत्साहित गर्ने र नागिरकले पेसा व्यवसाय सञ्चालन गर्न पाउने संवैधानिक अधिकार वञ्चित हुने गरी यस्ता कार्य गर्नु निन्दनीय छ । तरकारीमा कोरोना सङ्क्रमण भएको कुनै प्रमाण वा त्यसको परीक्षण नै गरिएको थिएन । विज्ञहरूले तरकारी वा फलफूलबाट कोरोना सङ्क्रमण हुने सम्भावना हुँदैन भनिरहेको अवस्थामा यस्तो कार्यले सम्बन्धित अधिकारीको नियतमाथि नै प्रश्न उठ्नु स्वभाविक हो । यो घटनाका कारण कपिलवस्तुका किसानहरू निकै चिन्तित रहेका छन् । उनीहरूले न्यायका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन समेत दिएका छन् । राज्यका सम्बन्धित निकायले पीडितलाई न्याय र घटनाका दोषीलाई कारवाहीको दायरामा ल्याई कानुनी कारवाही गर्नुपर्छ । जसले गर्दा लोकतन्त्र, मानव अधिकार र कानुनी शासनको अनुभूति हुनेछ ।

**अध्ययनका क्रममा लिइएका फोटोः**



*अध्ययनका क्रममा कुराकानी गर्दै इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल*

*फोटोः अशोक खनाल र नारायण भुसाल*

*नष्ट गरिएको तरकारीको बील*



**घटनासँग सम्बन्धित समचार लिङ्क**

http://inseconline.org/np/news/%e0%a4%95%e0%a5%8b%e0%a4%b0%e0%a5%8b%e0%a4%a8%e0%a4%be-%e0%a4%ad%e0%a4%be%e0%a4%87%e0%a4%b0%e0%a4%b8%e0%a4%95%e0%a5%8b-%e0%a4%b8%e0%a4%99%e0%a5%8d%e0%a4%95%e0%a5%8d%e0%a4%b0%e0%a4%ae%e0%a4%a3-47/
http://arghakhanchibulletin.com/detail/9053
https://pahilopost.com/content/20200602093022.html?utm_source=xotkari

*२०७६ जेठ २२ गते*


मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org